अनुसूचि-२

(दफा ४ तथा अनसूचि-१ को भाग-२ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## माथागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ८ संख्या: ७ मिति: २०८१/११/१३

भाग २

## माथागढी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफ १०२ को उप दफा १ बमोजिम माथागढी गाउँपालिकाको गाउँ सभा/ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**२०८१ सालको कार्यविधि-७**
**शिक्षक सरुवा सम्बन्धी कार्यविधि, २०८१**

आज्ञाले,
राम प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# माथागढी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## झडेवा, पाल्पा
## शिक्षक सरुवा सम्बन्धी कार्यविधि २०८१

प्रस्तावना

माथागढी गाउँपालिकाको गाउँ शिक्षा ऐन २०७५ को परिच्छेद ५ को दफा २६ (१, २ र ३) अधिनमा रही यस गाउँपालिका क्षेत्र भित्र सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको सरुवालाई व्यवस्थित गर्न गाउँ शिक्षा समितिको बैठकबाट भएको सिफारिसको आधारमा गाउँ कार्यपालिकाको मिति २०८१/११/१३ गते बसेको बैठकको निर्णयले यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

१. संक्षिप्त नाम प्रारम्भ र प्रयोग

क) यो कार्यविधिको नाम माथागढी गाउँपालिकाको शिक्षक सरुवा सम्बन्धी कार्यविधि २०८१ रहेको छ ।

ख) यो कार्यविधि माथागढी गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयका स्थायी दरबन्दी, अस्थायी/करार/राहत अनुदान संघीय शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकको सरुवा गर्न गर्ने प्रयोजनमा लागु हुनेछ ।

२. परिभाषा

क) "ऐन" भन्नाले माथागढी गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७५ लाई सम्झनुपर्छ ।

ख) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ ।

ग) गाउँ शिक्षा समिति भन्नाले माथागढी गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७५ को परिच्छेद ४, दफा, १५ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

३. सरुवाको आधार तथा कार्यविधि

क) प्राथमिक तहमा शिक्षक सरुवा गर्दा तह मिल्ने गरी तथा निम्न माध्यमिक र माध्यमिक तहमा अध्यापन गर्ने विषय मिल्ने गरी सरुवा गर्नुपर्नेछ ।

ख) स्थायी दरबन्दीमा कार्यरत शिक्षकको सरुवा गर्दा सोही तह र विषयको स्थायी दरबन्दी भएको स्थानमा मात्र सरुवा गर्नुपर्नेछ ।

ग) करार/राहत दरबन्दीमा कार्यरत शिक्षकको सरुवा गर्दा सोही तह र विषयको करार/राहत दरबन्दी भएको स्थानमा मात्र सरुवा गर्नुपर्नेछ ।

घ) राहत अनुदान कोटामा कार्यरत शिक्षकको सरुवा गर्दा तह र विषय मिल्ने गरी राहत अनुदान कोटामा मात्र सरुवा गर्नुपर्नेछ ।

ङ) एउटै विद्यालयमा निरन्तर पाँच वर्षसम्म सेवा गरेका शिक्षकलाई गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई जानकारी नगराई आवश्यकता अनुसार गाउँपालिकाभित्रका एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ ।

यम बहादुर चिदी
अध्यक्ष

च) दरबन्दी मिलान गर्ने क्रममा कुनै विद्यालयमा आवश्यकता भन्दा बढी शिक्षक गाउँ शिक्षा समितिको बैठकले निर्णय गरे बमोजिम शिक्षक सरुवा गरी दरबन्दी मिलान गरिनेछ ।

छ) कुनै शिक्षकको नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहदा विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा खलबलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट तथा वडा कार्यालयबाट निर्णय सहित सिफारिस भई आएमा ।

ज) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पुरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडा समितिको बैठकको निर्णय सहित सिफारिस भइ आएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार सरुवा गर्न सक्नेछ ।

झ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञ सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा शिक्षक सरुवा गर्न सकिनेछ ।

ञ) शिक्षक सरुवा गर्दा अपाङ्गता भएका र महिला शिक्षकलाई पायक पर्ने विद्यालयमा सरुवा गर्नुपर्ने भएमा तर नैतिक आचरण ठिक नभएको र विद्यालयको शैक्षिक गतिविधिलाई बाधा पुऱ्याएको खण्डमा यो प्रावधान मान्य हुने छैन।

ट) यस दफामा अन्य जुनसुकै कुरा लेखिएतापनि स्थायी नियुक्ती भई परीक्षण कालमा रहेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन साथै सरुवा हुन सहमति समेत प्रदान गरिने छैन ।

३.२ सरुवाको कार्यविधि

क) ऐनको दफा २६ को उपदफा २ अनुसार एक विद्यालयवाट अर्को विद्यालयमा सरुवा हुन पर्नाको कारण खुलाई गाउँ शिक्षा समिति अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

ख) गाउँ शिक्षा समिति अध्यक्ष समक्ष प्राप्त भएको सरुवा निवेदन शिक्षा शाखामा आवश्यक कार्यार्थ पठाइनेछ।

ग) ऐनको दफा ३८ को उपदफा २ अनुसार एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षक सरुवा भई आउने र जाने विद्यालय व्यवस्थापन समितिको सहमति सहित निवेदन प्राप्त हुन आएमा शिक्षा शाखा मार्फत गाउँ शिक्षा समितिको बैठकमा आवश्यक निर्णयार्थ पेश गर्नुपर्नेछ ।

घ) सरुवा गर्ने/नगर्ने अन्तिम अधिकार गाउँ शिक्षा समितिमा निहित रहनेछ ।

ङ) २६ को उपदफा १ अनुसार गाउँ शिक्षा समितिले कुनै शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा निजको सहमति बिना पनि गाउँ शिक्षा समितिको बैठकको निर्णयबाट सरुवा गर्न सकिनेछ।

च) गाउँ शिक्षा समितिको निर्णय अनुसार सरुवा काजको पत्र निर्णय भएको मितिले तीन दिन भित्र सदस्य सचिवले जारी गर्नेछ ।

४. यो कार्यविधि प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

५. यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाको बैठकले संशोधन परिमार्जन तथा खारेज गर्न सक्नेछ।

यम बहादुर चिदी
अध्यक्ष